# शिवनाथ गाउँपालिका

## सुल्लेखान, वैतडी

## सुदुरपश्चिम प्रदेश, नेपाल

# स्थानीय राजपत्र

## शिवनाथ गाउँपालिकाद्बारा प्रकाशित

---

*खण्ड : १ अंक : २ मिति : २०७५ साल फागुन २१ गते मंगलबार*

---

## भाग २

## शिवनाथ गाउँपालिकाको मदिरा नियन्त्रण तथा व्यवस्थापन कार्यविधि, २०७५

शिवनाथ गाउँ सभाको मिति २०७५।११।२१ गतेको बैठकबाट स्वीकृत भएको "**शिवनाथ गाउँपालिकाको मदिरा नियन्त्रण तथा व्यवस्थापन कार्यविधि, २०७५**" स्थानिय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम सार्वजनिक जानकारीका लागि देहाय बमोजिम प्रकाशन गरिएको छ ।

# मदिरा नियन्त्रण तथा व्यवस्थापन कार्यविधि, २०७५

**प्रस्तावनाः** सर्वसाधारण जनताको सदाचार, स्वास्थ्य, सुविधा तथा आर्थिक हित कायम राख्दै, समुदायलाई सभ्य, सुसज्जीत, शान्त तथा सकारात्मक बाटोमा अग्रसर गराउन मदिराको नियन्त्रण तथा व्यवस्थापन गर्न वाञ्छनीय भएकोले, मदिरा ऐन नियमावली प्रकासन नभएकाले नेपालको संविधान २०७२ को धारा २२६ बमोजिम मिति २०७५।११।२१ गतेको गाउँ सभाले यो मदिरा नियन्त्रण तथा व्यवस्थापन कार्यविधी २०७५ बनाई लागु गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस कार्यविधीको नाम "मदिरा नियन्त्रण तथा व्यवस्थापन कार्यविधि २०७५" रहेकोछ ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएपछि लागु हुनेछ ।

(३) यो कार्यविधि शिवनाथ गाउँपालिको क्षेत्रभित्रमा लागू हुनेछ ।

**२. परिभाषा :** वषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) "मदिरा" भन्नाले अन्न, फलफूल वा अन्य कुनै स्टार्चयुक्त वस्तुलाई जीव रासायनिक प्रक्रियाद्वारा कुहाई वा अन्य कुनै तरीकाबाट तयार पारिएको अल्कोहलयुक्त पदार्थ सम्झनु पर्छ र सो शब्दले रक्सी, जाँड, छ्याङ, व्हिस्की, रम, जीन, ब्राण्डी, भोड्का, बियर, वाइन, सेरी, सेम्पेन, साइडर, पेरी, मिड, माल्टन, औद्योगिक अल्कोहल, रेक्टिफाइड स्प्रिट, माल्ट स्प्रिट, साइलेण्ट स्प्रिट, डिनेचर्ड स्प्रिट र हेड्स स्प्रिट समेतलाई जनाउँछ ।

(ख) "उत्पादन" भन्नाले मदिरा तयार गर्नका लागि आवश्यक पदार्थ कुहाउने, तताउने, पकाउने वा त्यस्तो पदार्थमा बास्ना वा स्वाद आउने गरी कुनै कुराको सम्मिश्रण गर्ने वा मदिरा तयार गर्नको लागि अपनाइने सबै वा कुनै विधि वा कार्य सम्झनु पर्छ ।

(ग) "अनुमतिपत्र" भन्नाले गाउँपालिका वा अन्य सम्वन्धीत निकायले मदिरा विक्री वितरणका लागि दिइएको अनुमतिपत्र सम्झनु पर्छ ।

(घ) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेका नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ ।

(ङ) "सेवनकर्ता"भन्नाले मदिरा सेवन गर्ने व्यक्तिलाई सम्झनु पर्छ ।

(च) "अध्यक्ष" भन्नाले शिवनाथ गाउँपालिकोका अध्यक्षलाई सम्झनु पर्छ ।

(छ) "संयोजक" भन्नाले न्यायी समितिको संयोजकलाई सम्झनु पर्छ ।

(ज) "मुल समिति" भन्नाले दफा १२ को (क) बमोजिम गठन भएको समितिलाई बुझनुपर्नेछ ।

(झ) "वडा स्तरिय मदिरा नियन्त्रण समिति" भन्नाले दफा १२ को (ख) बमोजिम गठन भएको समितिलाई बुझनुपर्नेछ ।

(ञ) "वडा अध्यक्ष" भन्नाले यस शिवनाथ गाउँपालिकाका वडाहरुका अध्यक्ष सम्झनुपर्नेछ ।

(ट) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले शिवनाथ गाउँपालिका कार्यालयको कार्यालय प्रमुख लाई बुझनु पर्दछ ।

**३. मदिराको उत्पादनमा नियन्त्रण :** कुनै व्यक्तिले अनुमतिपत्र बेगर र अनुमतिपत्र पाएकोले पनि अनुमतिपत्रमा तोकिएको शर्तबमोजिम बाहेक मदिराको उत्पादन गर्न पाउने छैन ।

४. **मदिराको बिक्री वितरणमा नियन्त्रण** : कुनै व्यक्तिले अनुमतिपत्र बेगर र अनुमतिपत्र पाएकोले पनि अनुमतिपत्रमा तोकिएको शर्तबमोजिम बाहेक मदिरा बिक्री, वितरण गर्न वा मदिरा खुवाउने बार वा रेष्टुरेण्ट वा पसल थाप्न पाउने छैन ।

५. **मदिराको उत्पादन तथा बिक्री वितरणमा बन्देज :**

(१) कसैले पनि प्लाष्टिकको पोका (पाउच) मा मदिरा राखी मदिराको उत्पादन तथा बिक्री वितरण गर्न पाउने छैन ।

(२) कसैले पनि अठार वर्षको उमेर पूरा नगरेको व्यक्तिलाई मदिरा बिक्री वितरण गर्न पाउने छैन ।

(३) अठार वर्षको उमेर पूरा नगरेको व्यक्तिले मदिराको बिक्री वितरण र ओसारपसार गर्नु हुँदैन ।

६. **मदिराको निकासी पैठारीमा नियन्त्रण :** कुनै व्यक्तिले अनुमतिपत्र बेगर र अनुमतिपत्र पाएकोले पनि अनुमतिपत्रमा तोकिएको शर्तबमोजिम बाहेक मदिराको निकासी वा पैठारी गर्न पाउने छैन ।

७. **मदिरा विक्रि वितरण र ओसार पसार र सेवनका लागि अनुमतिपत्र लिनु पर्ने :**

मदिरा विक्रि वितरण, ओसार पसार गर्न तोकिएको ढाँचामा गाउँपालिका वा सम्वन्धीत निकायमा निवेदन दिइ सो निकायबाट अनुमति पत्र ल्याएको अवस्थामामात्र विक्रि वितरण,ओसार पसार गर्न पाइने छ । साथै वार्षिक रुपमा सवै प्रकारको नविकरण गरेको समेत हुनुपर्ने छ ।

८. **मदिरा सेवन कर्ताले होहल्ला, गाली बेइज्जती र झैझगडा गर्न नपाईने :** मदिरा सेवन गरेर कुनै पनि व्यक्तिले होहल्ला गर्न पाईने छैन । कुनै पनि समयमा कुनै पनि व्यक्तिले मदिरा सेवन गरि अर्को व्यक्ति वा टोलमा असर पुग्ने गरि होहल्ला गर्न पाइने छैन । साथै मदिरा सेवन गरि सेवनकर्ताले समुदायमा कसैलाई गाली बेइज्जती र झैझगडा गर्न पाइने छैन ।

९. **मदिरा विक्री वितरण, ओसार पसार र शुल्क :**

(क) गाउँपालिकाले आफ्नो सेवा क्षेत्र भित्र होलसेल मदिरा पसल र ओसार पसार मदिरा पसलका लागि अनुमति दिने छैन तर यस गा.पा. भित्र सञ्चालन रहेको होलसेल मदिरा पसल अर्को व्यवस्था नहुन्जेल यथावत कायम रहनेछन् ।

(ख) खुद्रा फर्म नविकरण सिफारिस शुल्क बार्षिक रु २०००।- लाग्ने छ । र होलसेल मदिरा पसल नविकरण शुल्क बार्षिक रु.४०००। लाग्नेछ ।

(ग) अन्य शुल्क प्रचलित कानुन बमोजिम हुनेछ ।

१०. **मदिरा विक्री वितरण, ओसार पसार र सेवनकर्ताले पालना गर्नु पर्ने शर्त :** मदिरा बिक्रेताले मदिरा बिक्री वितरण गर्दा निम्न शर्तहरु अनिवार्य पालन गर्नुपर्ने छ :

(१) मदिरा होलसेल बिक्रीकर्ता र ओसार पसारकर्ताले थोक विक्रिकर्तालाई विहाना १० बजेदेखि बेलुकी ५ बजेसम्म विक्री वितरण गर्नु पर्ने छ र खुद्रा मदिरा विकेताले बेलुकी ५ वजे देखी राती १० वजे सम्म विकी गर्न पाउने छ ।

(२) मदिराको कारोवार गर्ने व्यापारीले आफुले लिएको इजाजत पत्र पसलमा सबैले देख्ने गरि राख्नु पर्ने । भने मदिराको रेट निर्धारण सहितको लिस्ट टासेर राख्नु पर्नेछ ।

(३) होलसेल तथा खुद्रा मदिरा विकेताले पसलमा खुला रुपमा मदिरा सजावट गरी राख्न पाउने छैन । साथै खुद्रा पसलेले खुला रुपमा मदिरा दिन पाउने छैन ।

(४) मदिरा पसलमा अन्य खाद्यजन्य सामाग्री तथा अन्य पसल राख्न पाइने छैन ।

(५)प्रत्येक दिन आफुले बिक्री वितरण गरेको मदिराको दुरुस्त रेकर्ड राख्नु पर्ने छ । (किन्ने व्यक्तिको नाम, ठेगाना, उमेर र किनेको परिणाम) ।

(६) होलसेल मदिरा बिक्रेताले इजाजत पत्र प्राप्त खुद्रा पसल बाहेक अन्य कुनै व्यक्तिलाई मदिरा बिक्री गर्न पाइने छैन ।

(७) खुद्रा मदिरा व्यवसायीले होलसेलमा मदिरा विक्रि वितरण गर्न पाइने छैन ।

(८) खरिद बिक्रीको अनिवार्य बिल प्रयोग गर्नुपर्ने ।

(९) कानून बमोजिम इजाजत पत्र नविकरण गर्नु पर्ने ।

(१०) विशेष पर्व, उत्सव, मेलाको समयमा सामाजिक शान्ति कायम गर्न सो समयमा मदिरा बिक्री वितरण गर्न नपाईने ।

(११) गाउँपालिकाले तथा स्थानीय प्रसासनले विशेष कारण खुलाई बिक्री वितरण नगर्नु भन्ने सूचना जारी गरेको समयमा मदिरा बिक्री वितरण गर्न नपाईने ।

(१२) इजाजत पत्रमा उल्लेख गरेको ठाउँ र दुरीमा मात्र मदिरा पसल राख्नुपर्नेछ ।

**११. कारोवार अध्यावधीक :**

(१) मदिरा विक्रीकर्ताले आफुले मासिक रुपमा विक्री वितरण, ओसार पसार र सेवनकर्तालाई विक्री वितरण गराएको कारोवारको रेकर्ड मासिक रुपमा गाउँपालिकाको कार्यायलमा अध्यावधिक गराउनु पर्ने छ । आफुले अनुमति पाएको भन्दा बढी कारोवार भएमा थप कारोवारको १० प्रतिशत रकम वुझाउनु पर्ने छ ।

(२) गाउँपालिकामा बुझाएको कारोवारको रेकर्ड वडा कार्यालयमा समेत बुझाउनु पर्ने र त्यसको अनुगमन वडा कार्यालयले गर्ने छ ।

**१२. समिति गठन :**

**(क) गा.पा स्तरिय मदिरा नियन्त्रण तथा व्यवस्थापन मुल समिति गठन :**

गाउँपालिका भित्र मदिरा नियन्त्रण तथा व्यवस्थापन गर्नका लागि गा.पा. स्तरीय मुल समिति निम्न बमोजिमको १५ सदस्य रहेको गा.पा. स्तरीय मदिरा नियन्त्रण तथा व्यवस्थापन मुल समिति गठन गरिने छ । जसमा देहाय सदस्य रहनेछन् ।

| | | |
|---|---|---|
| गा.पा. अध्यक्ष | (१ जना) | - संयोजक |
| गा.पा. उपाध्यक्ष | (१ जना) | - सह संयोजक |
| ६ वटै वडाका वडा अध्यक्ष | (६ जना) | - सदस्य |
| गा.पा. स्तरिय दलित सञ्जालको अध्यक्ष | (१ जना) | - सदस्य |
| मदिरा व्यवसायी मध्येबाट | (१ जना) | - सदस्य |
| स्वास्थ्य संयोजक | (१ जना) | - सदस्य |
| गा.पा. स्तरिय महिला संजालको अध्यक्ष | (१ जना) | - सदस्य |
| गा.पा. स्तरिय बालक्लबको अध्यक्ष | (१ जना) | - सदस्य |
| गा.पा. स्तरिय प्रहरी चौकीको इन्चर्ज | (१ जना) | - सदस्य |

| | | |
|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | (१ जना) | - सदस्य सचिव |

**(ख) वडा स्तरिय मदिरा नियन्त्रण तथा व्यवस्थापन समिति गठन :**

मदिरा नियन्त्रण तथा व्यवस्थापन गर्नका लागि वडा स्तरीय निम्न बमोजिमको प्रत्येक वडामा निम्न बमोजिमको ११ सदस्य रहेको वडा स्तरीय मदिरा नियन्त्रण तथा व्यवस्थापन समिति गठन गरिने छ। जसमा देहाय सदस्य रहनेछन्।

| | | |
|---|---|---|
| वडा अध्यक्ष | १ जना | - संयोजक |
| वडाप्रहरी कार्यालयको प्रतिनिधि | १ जना | - सदस्य |
| वडा स्तरको स्वास्थ्य कार्यालयको प्रतिनिधि | १ जना | - सदस्य |
| वडा स्तरको महिला समुहको प्रतिनिधि | १ जना | - सदस्य |
| वडा स्तरको बाल समुहको प्रतिनिधि | १ जना | - सदस्य |
| वडा स्तरको अगुवा विद्यालयको प्र.अ. | १ जना | - सदस्य |
| महिला वडा सदस्य/ दलित महिला सदस्य | २ जना | - सदस्य |
| वडा स्तरको आमा समुहको प्रतिनीधि | १ जना | - सदस्य |
| दलित वडा सञ्जालको अध्यक्ष | १ जना | - सदस्य |
| वडा कार्यालयको सचिव | १ जना | - सदस्य सचिव |

**१३. नियमित अनुगमन :**

(१) वडा समितिले आफ्नो वडा भित्रका टोल, बजार, विद्यालय, स्वास्थ्य केन्द्र, पार्क, मन्दिर लगायतका स्थान तथा सार्वजिनिक स्थलहरुमा मदिराको अवस्था के कस्तो छ सोको बारेमा जाँचबुझ गर्न महिनाको एक दिन अनिवार्य रुपमा अनुगमन गर्नु पर्नेछ।

(२) वडा अनुगमन समितिले अनुगमन गरि सकेपछिको प्रतिवेदन तयार गरि अनिवार्य रुपमा गाउँकार्य पालिकाको कार्यालयमा सो प्रतिवेदन पेश गर्नुपर्ने छ।

(३) अनुगमन समितिले आफ्नो वडाको क्षेत्र भित्र मदिरा बिक्री वितरण बारे अनुगमन गर्दा यस कार्यविधिको दफा ११ मा उल्लेख गरिएका शर्तका कुरा के कति पालन गरिएका छन् सो कुरा प्रतिवेदनमा अनिवार्य खुलाउनु पर्ने छ। साथै निम्नाकुराको समेत अवस्था हेर्न सकिने छ

(क) समुदायमा मदिराको अवस्था के कस्तो रहेको छ सोको जानकारी,

(ख) इजाजत पत्र नविकरण गरेको छ वा छैन सोको जानकारी,

(ग) सेवनकर्ताले समुदायमा मदिरा सेवन गरि के कति होहल्ला, गाली बेइज्जती र झैझगडा गरे सोको जानकारी,

**१४. सचेतना कार्यक्रम संचालन गर्ने :**

(१) प्रत्येक ६ महिनामा मदिराको प्रभाव, कानूनी व्यवस्था र सुधार गर्नुपर्ने विषयका बारेमा वडा स्तरमा एउटा सचेतना कार्यक्रम गर्नुपर्ने छ।

(२) वडा स्तरमा गरिएको सो सचेतना कार्यक्रमको प्रतिवेदन गाउँ कार्यपालिकाको कार्यालयमा अनिवार्य पेश गर्नुपर्ने छ।

**१५. खानतलासी, कव्जा, वा गिरप्तार गर्ने सक्ने :**

(१) कुनै स्थानमा वा यस ऐन बमोजिम सजाय हुने कसुर भएको छ भन्ने मनासिव मासिफको कारण भएमा गाउँपालिकाले वा वडामा गठीत समितिले गाउँपालिकाको प्रमुखसँग समन्वय गरी खानतलासी गर्ने सक्नेछ ।

(२) त्यस्तो स्थानको खानतलासी गर्दा सो घरधनी वा जस्ले प्रयोग गरिरहेको छ सो व्यक्तिलाई पूर्व जानकारी गरी प्रचलित कानुन बमोजिम खानतलासी गरीने छ ।

३) उक्त स्थानमा ऐनमा उल्लेखित सजाय हुने बस्तु वा कसुर गर्ने व्यक्ति भेटीएमा तत्काल कव्जा गर्ने र गिरप्तारी समेत गर्न सकिने छ । त्यसरी खानतलासी, कव्जा वा गिरप्तार गर्दा अनिवार्य रुपमा प्रहरीको सहयोग लिन सकिने छ । र सो कुराको तत्काल जानकारी गाउँपालिकालाई दिनु पर्ने छ ।

**१६.सजाय गर्न सकिने :**

(१) गाउँपालिकाले कानून विपरित मदिरा उत्पादन, बिक्री वितरण तथा सेवन गरि होहल्ला, गाली बेइज्जती गर्नेलाई कानून बमोजिम सजाय गर्न सकिने छ ।

(२) मदिरा सेवन गरि समुदायमा होहल्ला, शान्ति भंग हुने क्रियाकलाप वाभ्कैभ्कगडा गर्ने व्यक्तिलाई पहिलो पटक रु. २५०० (दुई हजार पाच सय) जरिवाना गरिने छ । सोही व्यक्तिले पटक पिच्छे सोही कसूर गरेमा सोही अनुसार २५००। नै जरिवाना हुनेछ ।

(३) मदिरा विक्री वितरणकर्ता, ओसार प्रसार र उत्पादककर्ताले यस कार्यविधिको दफा ११ माउल्लेखित सर्त उल्लंघन गरेमा पहिलो पटक भए रु. १०००० (दश हजार) जरिवाना गरिने छ । सोही व्यक्तिले पटक पिच्छे सोही कसूर गरेमा रु १५००० (पन्ध्र हजार) जरिवाना गरिने छ । अनुमति नलिई मदिरा बेचविखन तथा ओसार प्रसार गरेको पाइएमा पहिलो पटक २००००। (बिस हजार) जरिवाना गरिने छ भने सोही व्यक्तिले पटक पिच्छे सोही कसुर गरेमा रु.३००००। (तिस हजार) जरिवाना गरिनेछ ।

(४) यसकार्यमा सहयोगी भई कार्य गर्नेलाई समेत योजनाकार वा विक्रि वितरण,उत्पादन र ओसार पसास गर्नेलाई हुने सजायको आधा सजाय गर्न सकिने छ ।

(५) सार्वजनिक पद धारण गरेको व्यक्ति वा सरकारी कर्मचारीले मदिरा सेवन गरि सामाजिक रुपमा होहल्ला, गाली बेइज्जती जस्ता क्रियाकलाप गरेमा आम व्यक्तिलाई गर्ने सजायको दोब्बर सजायका साथै विभागिय कारवाहीका लागि सिफारिस गरिने छ ।

**१७. मदिरा कोषको स्थापना :** दफा १४ मा उल्लेख भए अनुसार तोकिएको जरीवाना वापतको रुकम जम्मा गर्नको लागि गाउँपालिका कार्यालयले एक छुट्टै खाता खोलेर राख्न पर्ने छ । माथि उल्लेखित व्यक्तिलाईकारवाही बाट प्राप्त रकमको २५ प्रतिशत रकम सुरक्षा व्यवस्थापन, १० प्रतिशत सुराकीलाई, बाँकी ६५ प्रतिशतको २५ प्रतिशत शिक्षा, स्वास्थ्य र बाँकी रकम गाउँपालिकाको संचित कोषमा जम्मा गरि सम्बन्धित वडाको विकास निर्माणमा खर्च गरिनेछ ।

**१८. कारवाहीका लागि सिफारिस गरि पठाउने :**

(१) समुदायमा कानून विपरित मदिरा उत्पादन, बिक्री वितरण गर्ने, पटक पटक तोकिएको शर्त उल्लंघन गर्ने र मदिरा सेवन गरि कुनै व्यक्ति तथा समुदायलाई पटक पटक गाली बेइज्जती गर्ने, कुनै आक्षेप लगाउने र समुदायमा मदिरा सेवन गरि भ्कैभ्कगडा गर्ने व्यक्तिलाई कानून बमोजिम कारवाहीका लागि सम्बन्धित निकायमा वडा समितिले सिफारिस गरि पठाउन सक्ने छ

(२) पटक पटक कानून विपरित कार्य गर्ने व्यक्तिको इजाजत पत्र नविकरण नगर्न, इजाजत पत्र रद्द गर्न समेतको सिफारिस गर्न सकिने छ ।

**१९. पुनरावेदन :** यस कार्यविधि अन्तर्गत जरिवाना गरिएको विषयमा चित्त नबुझे जरिवाना गरिएको ३५ दिन भित्र शिवनाथ गाउँपालिकाको न्यायिक समितिमा पुनरावेदन गर्न सकिने छ ।

२०. **पुरस्कार :** कसैले यस कार्यविधि विपरीत कार्य गरेको कुराको प्रमाण सहित कसैले सुराकी दिएमा सो व्यक्तिलाई विगोको वा सजाय गरिएको रकमको रु १० प्रतिशत रकम पुरुस्कार स्वरुप प्रदान गरीने छ ।

२३. **बाधा अड्काउ फुकाउ :** यस कार्यविधीमा कुनै बाधा देखिएमा वा कानुनमा वाझीन गएमा कार्यपालिकाले फुकाउन वा संसोधन गर्न सकिनेछ ।

**आज्ञाले,**

**कमल सिह महरा**

**प्रमुख प्रशासकीय अधिकृत**